स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपल वलीको निर्देशनमा बन्न लागेको फिल्म 'कामिनो' स्टारकास्टका कारण चर्चामा छ । फिल्ममा प्रदीप खड्का, नीति शाह, वर्षा सिवाकोटी, राजबल्लभ कोइराला मुख्य भूमिकामा देखिँदैछन् । सौगात मल्ल पनि फिल्ममा अनुबन्ध छन् । तर, उनको अर्को फिल्मसँग सेड्युल जुध्ने भएपछि 'कामिनो'मा नहुने सम्भावना प्रवल छ । यद्यपि, उनको सेड्युल मिलाउने प्रयासमा निर्माण टिम छ । प्रि-प्रोडक्सनमा लामो समय लागेको यो फिल्मको आगामी असारको मध्यबाट छायांकन सुरु हुँदैछ ।

आजको विचार...



समाजवादी...
(दुई पेजमा)

गणेश ज्ञवाली



सन् २००९ देखि अभिनेता शाहिद कपूरको करिअर ओरालो लाग्न थालेको थियो । एकपछि अर्को फिल्म असफल भैरहेका थिए । अब उनी फिल्म गर्ने तयारीमा छन् । उनको पाइपलाइनमा मलयालम निर्देशक रोशन एन्ड्र्यूजको एउटा एक्सन थ्रिलर फिल्म छ । जसमा उनको अपोजिटमा अभिनेत्री पूजा हेगडे देखिँदैछिन् । यो फिल्मका लागि उनले ठूलो स्केलमा पारिश्रमिक घटाएको बलिउड हंगामाले दाबी गरेको छ । 'ब्लडी डेडी'का लागि ४० करोड लिएका शाहिदले उक्त फिल्ममा २५ करोड बुझेका छन् । अर्थात् १५ करोड पारिश्रमिक घटाएका छन् ।

❒ वर्ष २८ ❒ अंक ३१३ ❒ २०८० जेठ २८ गते आइतबार 11 June 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रोडस् चितवनलाई पाल्पा गोल्ड कपको उपाधि

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २७/ कर्णेल उजीरसिंह पाल्पा गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि सेन्ट्रल कलेज रोडस् रामपुर फुटबल क्लब चितवनले हात पारेको छ । शनिबार तानसेनको टुँडिखेलमा भएको फाइनल खेलमा होराइजन फुटबल क्लव वालिङ स्याङ्जालाई २-० गोलले पराजित गर्दै रोड्सले उपाधि हात पारेको हो ।

रोड्सका बिक्की चाम्लिङ राइले दुई गोल हानेर क्लवलाई उपाधि दिलाउन सफल भए । फाइनल खेलको पहिलो हापको तेस्रो मिनेटमा पहिलो गोल गरेका राईले दोश्रो हापको चौथो मिनेटमा पेनाल्टी मार्फत पुन: दोस्रो गोल हान्न सफल भएका थिए । सुरुवातदेखि नै चितवनलाई धवाबमा राखेको होराइजन फुटबल क्लव वालिङले एक गोल पनि गर्न सकेन । खेलमा आक्रामक र रक्षात्मक खेलेका वालिङ्का खेलाडीले निर्धारित समयमा गोल गर्न भने असफल भए । उपाधि प्राप्त रोड्स चितवनले फोर ब्रदर्स पश्चिम





नवलपरासीलाई २-० गोलले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो । उक्त खेलमा पनि विक्की चाम्लिङ राईले फाइनल प्रवेश गर्न ठूलो भूमिका खेलेका थिए । उनले खेलको दोस्रो हाफको ४८ औं मिनेटमा गोल गरेर टिमलाई अग्रता दिलाएका थिए भने ७० औं मिनेटमा निरज थापा मगरले गोल थप्दै टिमलाई २-० ले विजयी बनाउन सफल भएका थिए । उपविजेता भएको वालिङले सेमिफाइनलको खेलमा नेपाली सेनाको दि फेमस महिन्द्र दल गणलाई २-० ले पछि पार्दै फाइनल प्रवेश गरेको थियो । खेलमा पहिलो हाफको ७ औं मिनेटमा टीकाराज गुरुङले गोल गरेर टिमलाई अग्रता दिलाएका थिए भने खेलको ८१ औं मिनेटमा विवेक चौधरीले दोस्रो गोल गरेर टिमलाई बलियो बनाउँदै २-० ले जित निकाल्न सफल भएका थिए । फाइनल खेलमा वालिङले प्रदर्शन राम्रै गरे पनि निर्धारित समयमा गोल गर्नबाट भने चुक्यो । प्रतियोगिताको उपाधि प्राप्त गरेको चितवनले नगद ३ लाख, पाल्पाली करुवा ट्रफी पाएको छ भने दोस्रो भएको वालिङ्ले नगद १ लाख ५० हजार, पाल्पाली करुवा प्राप्त गरेको छ । रोड्स चितवनका अमृत गुरुङ म्यान अफ द म्याच भए । उनले ३ हजार पुरस्कार पाएका छन् । विजेतालाई तानसेन नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, प्रदेश खेलकुद परिषद लुम्बिनीका सदस्यसचिव जयप्रकाश भट्टराई, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा जिल्ला फुटबल संघका अध्यक्ष प्रणयवीर जंग राणा, लगायतले पुरस्कार हस्तान्तरण गरे । प्रतियोगिता जेठ १५ देखि भएको थियो । जसमा १२ टिमले भाग लिएका थिए । प्रतियोगितामा दैनिक एक मात्र खेल खेलाइएको थियो । प्रतियोगितामा प्रत्येक दिनको म्यान अफ दि म्याचलाई नगद ३ हजार दिइएको थियो भने उत्कृष्ट गोल रक्षक, डिफेण्डर, सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्तालाई नगद ६ हजार प्रदान गरिएको थियो । पाल्पामा लामो समयपछि गोल्ड कप भएको हो । फुटवल हेर्न टुँडिखेलमा हजारौ दर्शकहरुको सहभागीता रहेको थियो । प्रतियोगिता हेर्न अस्थायी प्याफिट निर्माणले फुटवल प्रेमीले मजाले फुटवल हेर्न पाएका थिए ।

## संक्षिप्त समाचार

### तिनाउ खोलामा भारतीय गाडी खस्यो

**पाल्पा,** जेठ २७/भारतीय नम्वरको गाडी तिनाउ खोलामा खसेको छ । तानसेनबाट बुटवतर्फ जाँदै गरेको यूपी ४२ विएम १९७३ नम्वरको भारतीय प्लेटको कार तिनाउ गाउँपालिका-५ चर्चरेस्थित सिद्धार्थ राजमार्ग सडक खण्डबाट शनिबार दिउँसो तिनाउ खोलामा खसेको हो ।

कार खोलमा खस्दा गाडीमा सवार दुई जना घाइते भएका छन् । घाइते हुनेमा कार चालक भारत उत्तर प्रदेश अयोध्याका ३६ वर्षीय विनोद वर्मा र सोही ठाउँका ४२ वर्षीय ऋषिकेश सिह रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । उनका अनुसार घाइतेहरुको उद्दार गरी उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभास पठाइएको छ । घाइते दुवै जनाको अवस्था सामन्य रहेको बताइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# 'गुट होइन रुख चिन्ने काँग्रेस निर्माण गर्छौं'



**गुल्मी,** जेठ २७/काँग्रेस गुट, उपगुटमा रुमाली रहेको आरोप लागेका बेला नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति भुवनप्रसाद श्रेष्ठले गुट होइन रुख चिन्ने काँग्रेस निर्माण गर्ने अभियानमा लागेको बताएका छन् । शनिबार नेपाली काँग्रेस प्रशिक्षण शाखा गुल्मीले आयोजना गरेको दुई दिने प्रशिक्षण कार्यक्रमको समापन समारोहलाई सम्बोधन गर्दै उसभापति श्रेष्ठले गुट चिन्ने नभई रुख चिन्ने काँग्रेस निर्माणमा लागेको बताएका हुन् ।

काँग्रेसको लुम्बिनी प्रदेश प्रशिक्षण विभागका प्रमुख समेत रहेका उनले पार्टीको विचार र सिद्धान्तप्रति साधारण सदस्यदेखि नेतासम्म सबै प्रतिवद्ध हुन जरुरी रहेको बताएका छन् । उनले पार्टीको विचार र सिद्धान्तमा कुनै खोट नभएको भन्दै पार्टीका सबै नेता तथा कार्यकर्ताहरु सबल र सक्षम काँग्रेस निर्माण गर्नका लागि समेत सबै प्रतिवद्ध हुनुपर्ने अवस्था आएको धारणा व्यक्त गरे । उपसभापति श्रेष्ठले पार्टीको विचार, सिद्धान्तको बारेमा सबैलाई जानकारी गराउन जरुरी रहेको बताए । 'सत्ताको लोभमा लागेर पार्टीको सिद्धान्त र आदर्शलाई पार्टी नेतृत्वले बिर्सन सक्छ तर त्यसमा काँग्रेसजनहरुले सचेत बनाउनुपर्छ' उनले भने,'सत्ता र भत्ताको काँग्रेस होइन, अब्बल र बलियो काँग्रेस निर्माणका लागि सबै जुट्न आवश्यक छ ।' उपसभापति श्रेष्ठले पार्टीका हरेक गतिविधिलाई व्यवहारमा लागू गर्न जरुरी रहेको समेत बताए छ । उनले विधि र विधानलाई सबै तहमा कार्यान्वयन गरेर गतिविधि सञ्चान गरिने धारणा व्यक्त गरे । 'स्थानीयस्तरका सम्पूर्ण नेता तथा कार्यकर्ताको क्षमता अभिवृद्धि गरेर पार्टीको नीति, विचार र सिद्धान्तप्रति सबैलाई कटिवद्ध बनाउनुपर्छ' उपसभापति श्रेष्ठले भने,'पार्टीका सबै गतिविधिलाई तल्लो तहसम्म लैजान जरुरी छ ।' कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य तथा गुल्मी जिल्लाका समन्वय समिति प्रमुख द्रोणबहादुर खत्रीले नेतृत्व अध्ययनशील हुनुपर्ने भन्दै प्रविधिसँग पनि नजिक रहेर काम गरेमा निकै सहज हुने बताए ।'पार्टीले सामाजिक विकासमा पनि विशेष ध्यान दिनुपर्छ । सबै नेता तथा कार्यकर्ताहरु एकता भएर पार्टी संगठनमा लाग्नु अहिलेको आवश्यकता हो' उनले भने ।

-बाँकी अन्तिम पेजमा

# कृषि पत्रकारिता पुरस्कारबाट नव जनचेतनाकर्मी पोखरेल पुरस्कृत

**पाल्पा,** जेठ २७/प्रेस चौतारी नेपाल पाल्पा शाखाले २४ औं स्थापना दिवसको अवसरमा नव जनचेतनाकर्मी तथा शितलपाटीकर्मी कृष्ण पोखरेललाई पुरस्कत गरेको छ । पत्रकार पोखरेल भद्रबहादुर स्मृति कृषि पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका हुन् । पुरस्कृत पोखरेललाई प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेत, एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरे, प्रेस चौतारी नेपालका केन्द्रीय सचिव तथा प्रदेश इन्चार्ज प्रदिप आचार्य, जिल्ला अध्यक्ष कृष्ण कार्कीले लगायतले नगद, सम्मानपत्र सहित दोषल्ला ओढाई पुरस्कृत गरे ।

यसै गरी शाखाले अन्य ७ जना पत्रककारलाई समेत पुरस्कृत गरेको छ । सितादेवी स्मृती पर्यटन पत्रकारिता पुरस्कारबाट मेचिकाली दैनिकका पाल्पा संवाददाता नेत्र गैरे र सामुदायिक रेडियो मुक्तिनाथका स्टेशन म्यानेजर भुवन रायमाझी, गीता स्मृती पत्रकारिता पुरस्कारबाट सामुदायिक रेडियो मदनपोखराकी रिमा सोमै, रेडियो पत्रकारिता पुरस्कारबाट सामुदायिक रेडियो मदनपोखरामा कार्यरत विजयकुमार बौडेल, शेष कुमारी लोकप्रसाद स्मृति शिक्षा पत्रकारिता पुरस्कारबाट पृथ्वी टेलिभिजन रामपुरममा कार्यरत कृष्ण पौडेल, पुतली रुप नारायण स्मृती पत्रकारिता पुरस्कारबाट सामुदायिक रेडियो रामपुरकी बन्दना पोखरेल, तुलसा तुलबहादुर स्मृती सामाजिक विकास पत्रकारिता पुरस्कारबाट हरि बहादुर



वि.क सुवास पुरस्कृत भएका छन् । शाखाले शाखाका संस्थापकहरुलाई समेत सम्मान गरेको छ । संस्थापक अध्यक्ष केशवराज नेपाल, भगवान भण्डारी, कमलराज तिमिल्सीना, श्रीधर नेपाल, कृष्ण घिमिरे र गीता नेपाललाई सम्मानपत्र सहित दोषल्ला ओढाएर सम्मान गरिएको हो । प्रेस चौतारी नेपाल केशवराज नेपालको नेतृत्वमा २०५७ सालमा पाल्पामा स्थापना भएको थियो । सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा प्रेस चौतारीका केन्द्रिय अध्यक्ष गणेश बस्नेतले पत्रकार महासंघ भित्र दलका नेता, कर्मचारी, शिक्षक, व्यापारी लगायत सबै क्षेत्रका व्यक्तिहरुले ओगटेको तर पत्रकारिता गर्ने संख्या अल्पमतमा भएकाले पेशालाई शुद्धिकरणका लागि प्रेस चौतारीले सुर्खेत साधारण सभामा एकसुत्रिय आवाज उठाई कार्यान्वयनको चरणमा गएको बताए । पत्रकार महासंघले बनाएको मापदण्ड भन्दा विपरित जिल्लाबाट सदस्यता सिफारिस भएमा केन्द्रले पुन: हटाउने गरी शुद्धिकरणको अभियानलाई कडाइका साथ कार्यान्वयन गरिने अध्यक्ष बस्नेतले बताए । अहिले सामाजिक सञ्जालमा भ्रम, तथ्यहिन समाचारको प्रभाव बढ्दै गएकाले यस्तो गलत अभियानलाई चिर्न सामाजिक सञ्जालकै प्रयोगबाट सफल भइने भएकाले त्यसमा सक्रिय भएर लाग्न पत्रकारहरुलाई अध्यक्ष बस्नेतले जोड दिए । नेकपा एमाले पाल्पाका अध्यक्ष धनेन्द्रराज घिमिरेले प्रेस चौतारीमा आवद्ध पत्रकारहरुले पत्रकारीताको मर्म भावना, नैतिक मूल्य मान्यतामा आधारित रहेर सत्य, तथ्य र निष्पक्ष भई काम गर्न सुझाव दिए । प्रेस चौतारीका केन्द्रीय सचिव प्रदिप आचार्यले महासंघले जारी गरेका नियम र मापदण्ड भन्दा विपरित कुनै पनि सदस्यलाई महासंघमा राख्ने कोशिस कहि कतै बाट भएमा कडा प्रतिवादमा उत्रिने बताए । प्रेस चौतारी पाल्पा शाखाले गरेका काम देशभरीका शाखाले सिको गरेकाले पाल्पा देशकै नमुना शाखा भएको उनले बताए । पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाले केन्द्रले पठाएको मापदण्ड अनुसार नै पाल्पामा सदस्यता शुद्धिकरण गरिने बताए । कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, प्रेस चौतारी लुम्बिनी प्रदेश सह इन्चार्ज कमलराज तिमिल्सीना, नेपाली काँग्रेसका कार्यवाहक सभापति झपेन्द्र गहिरे, नेकपा माओवादी केन्द्रका सचिव मथुरा ढकाल, राप्रपा पाल्पाकी माया बज्राचार्य, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी लगायतले पुरस्कृत तथा सम्मानित व्यक्तिहरुप्रति बधाई दिँदै पत्रकारीता दलिय आस्था भन्दा माथि उठेर गर्नुपर्नेमा जोड दिएका थिए । राजनीतिक दलहरुले सबै क्षेत्रमा हस्तक्षेप गरेको कारण मुलुकमा दलिय भावना बाहिर जान नसकेको बक्ताहरुले जोड दिए । कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय अनुशासन आयोगका उपाध्यक्ष भगवान भण्डारी, प्रेस युनियन पाल्पाका सभापति मन गहिरे, पाल्पा अस्पताल विकास समितिका अध्यक्ष गुराँश आत्रेय, पाल्पा उद्योग वाणिज्य संघका सचिव विदुर घिमिरे, चौतारी पाल्पाका संस्थापक अध्यक्ष केशवराज नेपाल, प्रेस चौतारी तानसेन नगर कमिटीकी अध्यक्ष गुणवती केसी, पुरस्कृत व्यक्तिहरुकोतर्फबाट बन्दना पोखरेल लगायतले समाजमा परिवर्तन ल्याउने सबैभन्दा प्रभावकारी माध्यम पत्रकारीता भएकाले स्वच्छ, निष्पक्ष भई दलिय आस्थामा नलागी काम गर्न सुझाव दिए । पुरस्कार वितरण तथा संस्थागत सम्मान कार्यक्रम शाखाका अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, केन्द्रिय सदस्य एवं जिल्ला इन्चाज मिलन विकको स्वागत, सचिव नारायण न्यौपानेको सञ्चालनमा भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## तानसेनलाई 'गुलजार' बनौं

पछिल्लो समय तानसेन निकै सुनशसान बन्दै गएको छ । शिक्षा र पर्यटनको नामले परिचित तानसेन यतिबेला गुमनाम जस्तै भएको छ । कुनै बेला उच्च शिक्षा अध्ययन गर्न तानसेन आउने विद्यार्थीहरुले कोठा खोज्दा नपाउने मात्र होइन, शहरको मुख्य चोकमा व्यापारीले व्यापारका लागि सटर समेत पाउन मुस्किल हुन्थ्यो । तर संघीय संरचना बनेसँगै केही सुस्ताएको तानसेन कोभिडपछि भने पूर्ण रुपमा नै सुनशान बनेको छ । तानसेनको मुख्य व्यापारी केन्द्रको रुपमा रहेको तेस्रो सडक समेत यति बेला सुनशान छ । आर्थिक मन्दीका कारण चौपटमा परेको तानसेनको व्यापार तानसेन नगरपालिकाले दरबार सौन्दर्यकरण गर्ने भन्दै दरबार परिसरका ५७ व्यवसायिक सटर भत्काएपछि भने थप सुनशासन बन्यो । यसले बजारलाई सुनशान मात्र बनाएको छैन कयौंको रोजीरोटी समेत खोसेको छ । व्यापार व्यवसाय गरेर परिवार पाल्दै आएका यहाँका अधिकासं व्यापारी पलायन भएका छन् । सटर भत्काउन हतार गरेको नगर सरकारले अहिले कुनै पनि काम अगाडि बढाएको छैन् । तानसेनको सौन्दर्यकरणका लागि दरबार परिसरका संरचना हटाउनु राम्रै भए पनि त्यसको दीर्घकालीन असर प्रति भने नगर सरकारले सोच्नै पथ्यो । तानसेन आफैमा भौगोलिक हिसावले मिलेको छैन् । यहाँको भौगोलिक संरचना अत्यन्त साँघुरो छ । त्यसैले पनि यहाँको विकास र विस्तार गर्दा सोही अनुसारको योजना ल्याउनुपर्छ । तर नगर सरकारले त्यो कुरा नसोच्दा तानसेन झन् भन्दा झन सुनशासन बन्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । यहाँको व्यापार मात्र होइन, तानसेनका अधिकांस घरका कोठाहरुमा धमिराले घर बनाउन लागेका छन् । ठूलो लगानी लगाएर बनाइएका घरहरु समेत कोठा भाडामा बस्ने नभएपछि त्यत्तिकै खाली छन् ।

बैंकको चर्को ब्याज र क्रयशक्तिको अभाव जस्ता कारण अहिले कतिपय व्यवसायी पसलको भाडा नै तिर्न नसक्ने अवस्थामा पुगेर बन्द गर्न विवश छन् । कुनै पनि व्यक्तिलाई उद्यमशील हुन प्रेरित गर्ने सरकारले व्यापारका शीलशीलामा उसले सामना गरेका चुनौती पार गराउनमा पनि सहयोगी भूमिका खेल्न सक्नुपर्छ । कुनै पनि सहरमा भटाभट सटरहरू खाली हुनु र व्यापारीहरु पलायन हुँदै जानु आफैंमा एउटा गम्भीर समस्या हो । व्यापार कुनै पनि सहरका लागि अत्यावश्यकीय आवश्यकता मानिन्छ । यदि व्यापार शून्य भयो भने त्यो सहर सहर जस्तो हुँदैन । आफ्नो क्षेत्रमा स्थापित सहरको अस्तित्व जोगाउन स्थानीय सरकारको पनि भूमिका सकारात्मक हुन जरुरी छ । चुनावी घोषणापत्रमा आर्थिक समृद्धि भन्ने शब्दलाई प्राथमिकताका साथ राख्नेले पनि अब आफ्नो क्षेत्रको आर्थिक गतिविधि बढाउन केही नीतिगत र व्यावहारिक काम गर्नैपर्छ । जुन निर्णयले सुस्ताएको बजार गुलजार बनोस् ।

## Opinion @ Social Network

के लत बस्यो मलाई कहिले सुधार हुन्छ,
एक दिन तिमी नबोल्दा यो दिल बिमार हुन्छ ।
*(रन्जु शाहको फेसबुक स्टाटस https://www.facebook.com/ranju.shah.16)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजवादी शिक्षा नीति र नेपालको सन्दर्भ



गणेश ज्ञवाली

**विषय प्रवेश :**
शिक्षा त्यो औजार हो जसले हरेक व्यक्ति भित्र रहेको अन्तर्निहित क्षमताको प्रष्फुटन गराउँछ । शिक्षाले मानिसको बौद्धिक, शारीरिक, नैतिक, सामाजिक, आदि समग्र पक्षको विकास गराउन मद्दत गर्दछ । मानिस पशुभन्दा पृथक् छ र यसले जीवन र जगतप्रति दृष्टिकोण प्रकट गर्न सक्दछ । शिक्षाले ज्ञान, सीप र अभिवृत्ति प्रदान गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षाले मानिसको सोँच्ने क्षमतामा प्रगतिशील रूपान्तरण गराउँछ । साथै उसको जीवन जिउने संघर्षमा सहयोगीको भूमिका निर्वाह गर्दछ । शिक्षाले व्यक्तिलाई बदल्छ, संसारलाई परिवर्तन गर्दछ । शिक्षा मानिसको चेतना र उत्पादन क्षमता बृद्धि गर्ने साधन पनि हो । मानव समाजको विकासक्रमसँगै शिक्षासम्बन्धी सोच र मान्यता पनि बदलिँदै आएको छ ।

मानव समाजको विकासक्रममा पूँजीवादी व्यवस्था पछि समाजवादी व्यवस्था आउँछ । यी व्यवस्थाहरूको चरित्रमा गुणात्मक रूपमै फरकपन हुन्छ । व्यक्तिलाई प्रदान गरिने शिक्षा विद्यमान व्यवस्थाप्रति सहयोगी र बफादार समेत हुने भएकोले व्यवस्था परिवर्तनसगै शिक्षाको चरित्रमा पनि बदलाव आउँछ । पूँजीवाद व्यक्तिवादको पर्याय हो भने समाजवाद सामुहिकता र सामाजिक हितको पक्षधर हो । पूँजीवाद नाफा र शोषणमा टिकेको व्यवस्था हो । तसर्थ पूँजीवादमा शिक्षाले मानिसलाई बढीभन्दा बढी आत्मकेन्द्रित, नाफामुखी र जीवनसंघर्षमा अर्कालाई पछार्न सिकाउँछ । समाजवादमा 'एकका लागि सबै र सबैका लागि एक' भन्ने मान्यता रहेको हुन्छ । हरेक व्यक्तिबाट 'क्षमता अनुसार काम लिने र काम अनुसार दाम दिने' व्यवस्था समाजवादमा हुन्छ । यसकारण समाजवादी व्यवस्थामा शिक्षाले सहकार्यात्मक सामुहिकतावादी र लोककल्याणकारी चरित्र ग्रहण गर्दछ । समाजवादी शिक्षामा व्यक्तिगत स्वार्थको बदलामा सामुहिक हित गर्ने शिक्षा सिकाइन्छ । समाजवादी राज्यव्यवस्था निर्माणको निम्ति समाजवादी शिक्षा र सोच आवश्यक हुन्छ । समाजवादी शिक्षाले नै समाजवादी 'नवमानव'को निर्माण गरी समाजवाद निर्माणको अभियानलाई सहयोग गर्दछ ।

**समाजवादी शिक्षाको सैद्धान्तिक मान्यता :**
मार्क्स एंगेल्सले सन् १८४८ मा 'कम्युनिष्ट पार्टीको घोषणापत्र' प्रकाशन गरेपछि समाजवादी शिक्षाको बहस प्रारम्भ भयो । कम्युनिष्ट घोषणापत्रमा भनिएको छ, 'कम्युनिष्टहरूले शिक्षा दीक्षाको चरित्र बदल्न चाहेका हुन् र शासकवर्गको प्रभावबाट त्यसलाई मुक्त गर्न मात्र खोजेका हुन् ।' त्यस्तैगरी 'सारा केटाकेटीहरूको निम्ति सार्वजनिक र नि:शुल्क शिक्षा व्यवस्था । कारखानामा केटाकेटीहरूको श्रमको वर्तमान रूपमा उपयोगको अन्त्य । शिक्षा र भौतिक उत्पादनको संयोजन ।' भन्ने कुराको उल्लेख कम्युनिष्ट घोषणापत्रमा गरिएको छ । एंगेल्सद्वारा लिखित 'साम्यवादका सिद्धान्तहरू' नामक पुस्तिकामा उल्लेख गरिएको छ, 'आमाबाट हेरचाहको आवश्यकता नरहने समयदेखि नै राजकीय संस्थाहरूमा र राज्यकै खर्चमा सबै केटाकेटीहरूको शिक्षादीक्षा । कारखानाको श्रमसित शिक्षादीक्षाको सहमेल ।' सोही पुस्तिकामा उल्लेख गरिएको छ,'शिक्षादीक्षाले तन्नेरी मानिसहरूलाई व्यवहारिक रूपमा सम्पूर्ण उत्पादन प्रणालीलाई छिटो बुझ्ने सम्भावना दिन्छ । शिक्षादीक्षाले उनीहरूलाई त्यस एकलकाँटेपनबाट मुक्त तुल्याउँछ जुन वर्तमान श्रम-विभाजनले प्रत्येक मानिसमाथि थोपरिदिएको हुन्छ । यसप्रकार साम्यवादी सिद्धान्त अनुसार संगठित भएको समाजले आफ्ना सदस्यहरूलाई बहुमुखी रूपमा विकसित आफ्ना क्षमताहरूको चौतर्फी उपयोगको सम्भावना प्रदान गर्ने छ ।' सारमा भन्दा मार्क्स एंगेल्सका यिनै वाक्यहरू भित्र समग्र समाजवादी शिक्षाको सारतत्त्व अन्तर्निहित रहेको छ ।

समाजवादी राज्यले सम्पूर्ण बालबालिकाको शिक्षाको जिम्मेवारी लिँदै शिक्षालाई उत्पादन श्रमसँग जोड्दछ । सार्वजनिक विद्यालयमा सबै बालबालिकाहरूलाई नि:शुल्क शिक्षा दिनुपर्छ र उनीहरूलाई कारखानामा श्रमिकका रूपमा काम गर्न प्रतिबन्ध लगाउनु पर्दछ । शिक्षालाई औद्योगिक उत्पादनसँग जोड्नु पर्दछ । समाजवादी शिक्षाले श्रम र श्रमिकप्रति सम्मानभाव जगाउँछ । समाजवादमा काम नगर्नेलाई घृणा गरिन्छ र जसले काम गर्दैन उसले खान पनि पाउँदैन भन्ने मान्यता स्थापित गरिन्छ । समाजवादी शिक्षा लागु गर्न समाजवादी व्यवस्था नै चाहिन्छ । पूँजीवादले जनतालाई भुक्याउनको लागि समाजवादका केही कुराहरू अनुकरण गरेपनि सारमा उक्त शिक्षाले श्रमजीवी वर्गलाई दिग्भ्रमित पार्ने काम मात्र गर्दछ । जनताबाट सिक्ने, श्रमसँग जोडिने, व्यक्तिभित्र सामुहिकतावादी चरित्र निर्माण गर्ने, एकांगी शिक्षाको सट्टा बहुप्राविधिक शिक्षामा जोड दिने र मान्छेलाई बहुसंख्यक श्रमजीवी वर्गको हितको निम्ति संघर्ष गर्न सिकाउने शिक्षा नै समाजवादी शिक्षा हो । समाजवादी शिक्षाले हरेक व्यक्तिमा द्वन्द्वात्मक भौतिकवादी सही विश्व दृष्टिकोणको विकास गराउनु पर्दछ । उत्पादनको निम्ति संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोगको सही आलोकमा शिक्षालाई अघि बढाउन सकेमा मात्र त्यो समाजवादी शिक्षा बन्न पुग्दछ । बुर्जुवाहरूले शिक्षाको वर्ग चरित्र हुँदैनह शिक्षा भनेको वर्ग, वर्ग संघर्ष र विचारभन्दा माथि उठेको हुन्छ भन्ने पाखण्डपूर्ण प्रचार गर्दछन् । यथार्थमा शिक्षाको पनि वर्गीय स्वरूप हुन्छ । पूँजीवादी शिक्षाले पूँजीपति वर्गको सेवा गर्दछ । समाजवादी शिक्षामा सर्वहारावर्गको राजनीति मुख्य कमाण्डमा रहन्छ । निरक्षरताको अन्धकारमा समाजवादको निर्माण हुन नसक्ने भएकोले समाजवादी शिक्षाले निरक्षरताको पूर्ण उन्मूलनका लागि साक्षरता अभियान चलाउनु जरूरी हुन्छ । यसले समाजमा विद्यमान हरेक खालका कुरीति, अन्धविश्वास र रूढीवादलाई समूल नष्ट गर्दै हरेक नागरिकमा वैज्ञानिक, प्रगतिशील एवं भौतिकवादी सोचको विकास गर्ने नीति लिन्छ । 'पूँजी' खण्ड-१ मा मार्क्सले लेख्नुभएको छ, 'मानिसको सम्पूर्ण विकासका लागि शिक्षामा उत्पादक श्रम र व्यायामको तालमेल एउटा जरूरी शर्त हो ।' स्वस्थ मनसँगै स्वस्थ शरीर नभई समाजवादको निर्माण असम्भव भएकोले बौद्धिक र प्राविधिक ज्ञानसँगै शारीरिक शिक्षालाई पनि महत्त्वका साथ समावेश गरिनु पर्दछ । समाजवादी शिक्षाले समाजमा विद्यमान रैथाने सीप र प्रविधिको संरक्षण र आधुनिकीकरण गर्दै विज्ञान र सूचना प्रविधिका नवीनतम् आविष्कारहरूमा नगरिकहरूलाई दक्ष बनाउनु पर्दछ । यसका साथै हरेक प्रतिभाहरूलाई नवीनतम् आविष्कारमा प्रेरित गर्दै समग्र मानव समुदायको सेवामा लगाउनु आवश्यक हुन्छ ।

समाजवादमा शिक्षाले मेसिन होइन मान्छे जन्माउछ । मार्क्सले भनेझैं समाजवादको लक्ष्य भनेको सबैको खुला विकासमा प्रत्येकको खुला विकास निहित हुने व्यवस्था हो । यो एक यस्तो अर्थ व्यवस्थामा आधारित समाज हो जसले सामाजिक उत्पादक शक्तिको उच्चतम विकाससँगै मानव जातिको जतिसक्दो उच्च र समतापूर्ण विकास सुनिश्चित गर्नेछ । पूँजीवादी व्यवस्थामा विद्यालय र शिक्षा वुर्जुवा शासक वर्गको नियन्त्रणमा रहेको हुन्छ, उसले त्यो नियन्त्रण आफ्नो फाइदाको निम्ति प्रयोग गर्दछ । पूँजीवादले अज्ञानी, आज्ञाकारी र प्रश्न नगर्ने मान्छेको रूपमा कामदार वर्गलाई परिणत गर्ने शिक्षा प्रणाली अपनाउँछ । यसले बढीभन्दा बढी अतिरिक्त मूल्यको उत्पादन गर्नका लागि विद्यालयमा पढाउने शिक्षालाई केवल दक्ष नोकरहरू तालिम दिने साधनको रूपमा मान्दछ । समाजवादी शिक्षा नीतिले यी सबै परिस्थितिहरूलाई उल्ट्याउँछ । समाजवादमा शिक्षा सामाजिक संगठन र कल्याणको विषय बन्दछ । शिक्षालाई नियमित घरायसी र करेसाबारीको श्रमसँग जोड्नेदेखि लिएर उच्च वैज्ञानिक र प्राविधिक ज्ञानसम्म विस्तार गरिनु पर्दछ । समाजवादी शिक्षाले एउटा पूर्ण मानव निर्माण गर्नको निम्ति व्यक्तिको शारीरिक विकासलाई मानसिक विकाससँग जोड्ने काम गर्दछ । चौतर्फी विकसित र चौतर्फी प्रशिक्षित मानिसहरूको तयारी गर्नु समाजवादी शिक्षाको ध्येय हो । यसले अतितका शिक्षासम्बन्धी धरोहरहरूलाई पूर्ण इन्कार गर्दैन र गर्नु पनि हुँदैन । समाजका सारा मानिसहरूको व्यक्तिवादी सोचलाई सामुहिकतावादी मानसिकतामा बदल्ने समाजवादी समाजको आवश्यकता अनुरूप समाजवादी शिक्षा नीति अघि बढ्दछ ।

**समाजवादी राष्ट्रका अनुभव, अभ्यास र नीति :**
लेनिनको नेतृत्वमा सन् १९१७ मा रुसमा (सोभियत संघमा) सम्पन्न महान् अक्टोबर समाजवादी क्रान्ति पछि समाजवादी शिक्षाको बहस र कार्यान्वयनको क्रम शुरु भयो । त्यसपछि चीन, कोरिया, क्युबा, भियतनाम आदि देशमा सम्पन्न भएका समाजवादी क्रान्तिले आफ्नो देशको विशिष्टतासहित समाजवादी शिक्षाको व्यवहारिक कार्यान्वयनलाई अघि बढाए । यो लेखमा उपर्युक्त देशका अनुभव, अभ्यास र नीतिहरूलाई संक्षिप्त चर्चा गरिने छ ।

**पूर्व सोभियत संघ :** समाजवादको स्थापनासँगै सोभियत संघमा शिक्षामा राज्यको नियन्त्रण कायम गरियो । जनसंख्याको ठूलो हिस्सा निरक्षर रहेको र निरक्षरताको अन्धकारमा समाजवादको निर्माण गर्नु असम्भव भएकोले व्यापक रूपमा 'साक्षरले निरक्षरलाई पढाऊ' भन्ने साक्षरताको अभियान चलाइयो । यसका निम्ति उद्योग र कृषि फार्महरूमा सबै युवा, विद्यार्थी, शिक्षक एवं बौद्धिक व्यक्तित्वहरूलाई परिचालन गरियो । एक दशक भित्र सम्पूर्ण रुसभरी विद्युतीकरण सम्पन्न गर्ने गरी शैक्षिक र प्राविधिक जनशक्ति उत्पादनको तयारी गरियो । लेनिनको निर्देशनमा समाजवादी शिक्षाको मोडेल तयार गर्ने जिम्मेवारी विशेषगरी लुनाचार्स्की र नाजेज्दा क्रुप्सकायालाई प्रदान गरिएको थियो ।समाजवादी रुसका निम्ति क्रुप्सकायाको विशेष जोड बहुप्राविधिक शिक्षामा थियो । सोभियत रुसको संविधानमा शिक्षा अनिवार्य र नि:शुल्क गराइयो । उच्च शिक्षालाई सर्वसुलभ बनाउदै मजदूर, किसानका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्था गरियो । शिक्षामा सबैको पहुच स्थापित भयो, शिक्षा सर्वव्यापी भयो र मातृभाषामा शिक्षा दिने व्यवस्थाको सुरुवात गरियो । ठूलाठूला उद्योगको स्थापना गर्ने र कृषिको सामुहिकीकरण र यान्त्रिकीकरण गर्दै त्यसका निम्ति आवश्यक जनशक्ति उत्पादन गर्ने विश्वविद्यालय र प्रशिक्षण केन्द्रहरू खोलिए । समाजवादी रुसले विकसित पूँजीवादी देश अमेरिकालाई समेत पछि पार्दै रकेट प्रक्षेपण प्रविधि, अन्तरिक्ष अन्वेषण र सो अनुसार जनशक्ति उत्पादनको अभियानलाई अघि बढाउने नीति तय गरेको थियो ।

सोभियत शिक्षाको दार्शनिक आधार मार्क्सवाद लेनिनवाद थियो । साम्यवादी विचारप्रति समर्पित रहने, समाजवादी मतृभूमिलाई माया गर्ने, श्रम र श्रमजीवी वर्गप्रति सम्मान गर्ने, समाजवादी कला र संस्कृतिको विकास गर्ने वैज्ञानिक र प्राविधिक विषयमा जोड दिने, अनिवार्य शारीरिक र सैनिक तालिम लागु गर्ने, समाजवादी व्यवस्थाप्रति प्रतिवद्ध इमान्दार र उच्च कम्युनिष्ट नैतिकतायुक्त नागरिक तयार गर्ने नै सोभियत शिक्षा पद्धतिको उद्देश्य थियो । सोभियत संघमा सामान्य शिक्षा, बहुप्राविधिक शिक्षा र व्यावसायिक शिक्षा गरी शिक्षालाई तीन भागमा वर्गीकरण गरिएको थियो । शिक्षा सम्पूर्ण नागरिकको अधिकारको विषय बन्यो । शिक्षामा महिलालाई पुरुषसरह समान अधिकार, आमा र बालकको हितमा राज्यको सुरक्षा, सुत्केरी भत्ता र पछि तलब सुविधा सहित विदाको व्यवस्था, शिशुशाला र बालोद्यानहरूको बृहद् बन्दोबस्त गर्ने कुरा संविधानमा उल्लेख गरियो । शिक्षामा राज्यको पूर्ण लगानी हुनुका साथै निजीकरण पूर्णत बन्द गरियो । सबैका निम्ति समान खालका विद्यालयहरू सञ्चालन गरियो । हरेक विद्यालयमा डाक्टर र नर्सको व्यवस्था गरी विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था कायम भयो । शारीरिक र बौद्धिक अपांगता भएका विद्यार्थीहरूको लागि आवासिय सुविधासहितको शिक्षा उपलब्ध गराइएको थियो । प्रतिभाशाली विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति सहितको उच्च शिक्षा अध्ययनको अवसर प्रदान गरिन्थ्यो । देशको आवश्यकता र मागको आधारमा मात्र उच्च शिक्षाको कोटा निर्धारण गरी प्रवेश परीक्षाको योग्यता क्रमका आधारमा उच्च शिक्षा दिइन्थ्यो र उच्च शिक्षा पढ्न नपाउनेहरूलाई आफ्नो रूचि र क्षमता अनुसारका व्यवसायहरू चयन गर्नका निम्ति प्रेरित गरिन्थ्यो । डाक्टर, इन्जिनियर, अनुसन्धानकर्ता एवं हरेक क्षेत्रका उच्च दक्षतायुक्त प्राविधिक जनशक्ति उत्पादन गर्दै, श्रम शिक्षा र चरित्र निर्माणमा जोड दिदै समाजवादी मूल्यमान्यता सहितको विश्वकै अग्रणी समाजवादी राष्ट्र निर्माण गर्न सोभियत शिक्षा प्रणाली सफल भएको थियो ।

**(लेखक जनता माविका निवर्तमान प्रधानाध्यापक समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अवसर आउनाले मन प्रसन्न रहनेछ। आफन्तबाट हौसला बढ्नेछ। | **तुला** : अप्ठ्यारो परिस्थितिमा मेहनत गर्नाले केही काम बन्नेछन् । |
| **बृष** : तपाईंका विषयवस्तुमा अरूले अधिकार जमाउन सक्छन्। | **बृश्चिक** : पढाइलेखाइमा सामान्य प्रगति हुनेछ। कामबाट धनलाभ होला । |
| **मिथुन** : मेहेनत गर्नले आटेका सबै काम पुरा हुनेछन् । समय राम्रो छ । | **धनु** : हतारको निर्णयले काम बिग्रन सक्छ, सचेत रहनुहोस् । |
| **कर्कट** :समयमा काम सम्पादन नहुनाले अवसर फुत्कने सम्भावना छ। | **मकर** :काममा चुनौती देखिए पनि प्रतिस्पर्धापछि लाभ मिल्नेछ। |
| **सिंह** :पढाइलेखाइमा सामान्य प्रगति हुनेछ। कामबाट धनलाभ होला । | **कुम्भ** : आयआर्जन बढ्नुका साथै उठ्नुपर्ने रकम हातलागी हुनेछ। |
| **कन्या** :पारिवारिक भेटमा मन रमाउनेछ। विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ। | **मीन** : अवसरका लागि अलि जोखिमपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। |

# कृषि

## मरुभूमि मेघौली हराभरा



पश्चिम चितवनको मेघौलीको उच्च भाग विगत तीन वर्षअघिसम्म मरुभूमिजस्तै थियो । दिउँसोमा यहाँका बारीमा रुखो र फुस्रो धुलो उड्ने यस क्षेत्रका कृषकले हरियाली देख्न कि त निकुञ्ज जानुपर्थ्यो भने कि त बर्खानै कुर्नुपर्ने हुन्थ्यो । वर्षमा दुई खेती तोरी र तिल मात्रै लगाएर गुजारा गर्दै आएका भरतपुर महानगरपालिका-२७ बुद्धनगरका किसानहरु अहिले डिप ट्युबेलबाट सिँचाइ सुरु भएसँगै निकै उत्साहित भएका छन् ।

आर्थिक वर्ष २०७७-०७८ बाट जिल्लामा सञ्चालन गरिएको चितवन भूमिगत संयोजनात्मक सिँचाइ आयोजनाले काम गर्न थालेपछि भने यहाँका किसान हर्षित बनेका हुन् । डिप ट्युबेल जडानसँगै जनतामा खुसियाली छाएको छ । भरतपुर महानगरपालिका-२७ बुद्धनगरको नमूना कृषि तथा सिँचाइ उपभोक्ता समितिका अध्यक्ष टीकाराम अधिकारी आफू विसं २०२२ देखि बसोबास गर्दै आएको भए पनि सिँचाइको समस्या समाधानका लागि यसअघि खासै कसैले ध्यान नदिएको बताए । उनले विगत सम्झँदै भने, 'बोरिङबाट पानी आउँदा हाम्रो आँखाबाट हर्षका आँसु झरेका थिए । अहिले हामी बाह्रै महिना सिँचाइको व्यवस्था भएसँगै विभिन्न बाली लगाउँदै आएका छौँ ।' तीन वर्ष पहिला तोरी र तिल मात्रै खेती हुने भए पनि अहिले मौसमअनुसारको खेती र नगदे बालीतर्फ यहाँका कृषक केन्द्रित भएको उनले बताए । उनले भने,'अहिले यस क्षेत्रमा सबै ठाउँमा सिँचाइको व्यवस्था छ । पहिला छाक टार्न समस्या हुने गरेको भए पनि अहिले एक सिजनमा मात्रै रु एक लाखसम्म कमाइ हुने गरेको छ ।' अहिले सबैको बारीमा तरकारी र मकै देख्न सकिन्छ । स्थानीय गौरीमायाँ पौडेलले पहिले एक बिघा क्षेत्रफलमा काम गर्दा छाक टार्नसमेत कठिन हुने गरेको जनाउँदै अहिले भने त्यस्तो समस्या नरहेको बताए । उनले भने, 'सिँचाइको व्यवस्था भएसँगै हामीलाई त्यस्तो समस्या छैन ।' उनका अनुसार यस क्षेत्रका किसान बिघौँ बिघा क्षेत्रफल भाडामा लिएर खेती गर्द थालेका छन् । स्थानीय धर्मपुर डिप ट्युबेल उपभोक्ता समितिका अध्यक्ष हर्कबहादुर क्षेत्री अहिलेको सिजनमा मकै र घाँस बेचेर मात्रै करिब एक लाख हाराहारी कमाइ भएको जानकारी दिए । उनले पहिले खेती किसानीबाट घर चलउन नसकेपछि मेला मजदुरी गरेर घर छाक टार्ने गरेको स्मरण गरे । उनले भने, 'सिँचाइको व्यवस्था भएसँगै अब मैले पहिलाको काम छोडेर कृषि कर्ममा लागेको छु ।' यस क्षेत्रमा विदेशबाट फर्केकाले जग्गा भाडामा लिएर तरकारी र अन्य खेती गर्न थालेको उनले बताए ।

सिँचाइको अभाव र अशिक्षाका कारणले समेत वैदेशिक यात्रामा गएका नेत्रप्रसाद भूसाल अहिले बिहानदेखि बेलुकासम्म तरकारी बारीमा नै तल्लीन छन् । उनी स्वदेश फर्केको चार वर्ष भयो । यहाँ सिँचाइको व्यवस्था भएपछि उनी पुन: विदेश जाने मनलाई परिवर्तन गर्दै जग्गा भाडामा लिएर तरकारी खेती गर्दै आएका छन्। उनका अनुसार यो क्षेत्र पहिला मरुभूमिजस्तै हो । अहिले सिँचाइको व्यवस्था भएसँगै हराभरा भएको छ । उनले भने,'अब विदेश जाने सोच परिवर्तन भइसक्यो । यही केही गर्ने हो ।' यस क्षेत्रमा किसान बर्सातमा पर्ने आकाशे पानीको भरमा खेती गर्नुपर्दा पर्याप्त पानीको अभावमा दु:ख पाएका थिए । सिँचाइका लागि पर्याप्त पानी नहुँदा गाई बाख्रा, कुखुरा पालेर जीविकोपार्जन गर्दै आएको टेलिटावर बोरिङका अध्यक्ष बलबहादुर गुरुङको भनाइ छ । आफूहरुले विसं २०५७ मा राप्ती नदीबाट पानी ल्याउनका लागि प्रयास गरेको भए पनि त्यो असफल भएपछि यस क्षेत्र आकासे पानीको भरमा मात्रै सिँचाइ गर्नुपरेको उनी बताउछन् । राप्ती नदीबाट इनार खेर लिफ्टिङबाट पानी ल्याउने प्रयत्न गरे पनि पछि इनार वर्सातको समयमा पुरिएर त्यो योजना असफल भएको उनले बताए । त्यसपछि यहाँका जनता सधैँ तोरी र तिलको भरमा बस्नुपर्ने बाध्यता रहेको भए पनि अब भने त्यो समस्या नरहेको उनको भनाइ छ । त्यस क्षेत्रमा मात्र आठ वटा डिप ट्युबेल जडान गरिएको छ । एउटा ट्युबेलले ३५ बिघा क्षेत्रमा सिञ्चित गर्दछ । महानगर प्रमुख रेनु दाहालले सो क्षेत्र सुक्खाग्रस्त भएपछि सिँचाइको व्यवस्था गरिएको जानकारी दिइन् । उनले भनिन्,'पहिलो कार्यकालमा हामीले सुरु गरेका योजनाले प्रतिफल दिन थालेका छन् ।' चितवन भूमिगत संयोजनात्मक सिँचाइ आयोजनाले जिल्लाका तीन हजार दुई सय ६० बिघा क्षेत्रफलमा सिँचाइ पुऱ्याएको छ । चितवन र मकवानपुर क्षेत्रमा गरी यस कार्यालयले हालसम्म तीन हजार छ सय १० बिघा क्षेत्रफलमा सिँचाइको व्यवस्था गरेको कार्यालयका संयोजक देवकुमार स्याङ्वोले जानकारी दिए । चितवनको छ वटा पालिका र मकवानपुरका तीन पालिकामा अहिले कार्यक्रम लागू भइरहेको छ । यस क्रममा चितवनमा तीन सय ६० स्थानमा स्यालो ट्युबेल र ५२ वटा डिप ट्युबेल स्थापना गरी सञ्चालनमा ल्याइएको उनले बताए । मकवानपुरमा १० डिप ट्युबेल सञ्चालनमा ल्याइएको छ । यस आयोजना १० हजार पाँच सय हेक्टर क्षेत्रफल सिँचाइ गर्ने योजनाका साथ स्थापना भएको हो ।**-रासस**

## नेपालबाट १२ वटा देशमा १४ करोडको चिउरा निर्यात



नेपालबाट १० महिनाको अवधिमा १४ करोड रुपैयाँको चिउरा निर्यात भएको छ । भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०७९/८० साउनदेखि वैशाखसम्मको अवधिमा १४ करोडको चिउरा निर्यात भएको हो ।

विभागका अनुसार ४ लाख ९ हजार २९२ किलोग्राम चिउरा निर्यात भएको छ । यस अवधिमा नेपालबाट विश्वका १२ वटा देशमा चिउरा जाने गरेको पाइएको छ । सबैभन्दा धैरै अमेरिकामा ७ करोड रुपैयाँको चिउरा निर्यात हुँदा अस्ट्रेलियामा ३ करोड ४५ लाख ३० हजार रुपैयाँको चिउरा निर्यात भएको छ । यस्तै, बेल्जियममा ३६ लाखको चिउरा निर्यात हुँदा इटालीमा १ करोड ३ लाख रुपैयाँको निर्यात भएको छ । यसका साथै, जापानमा ७१ लाखको र कोरियामा १२ लाखको चिउरा निर्यात भएको विभागले जनाएको छ । यस्तै, बेलायतमा ३१ लाख रुपैयाँको चिउरा निर्यात भएको छ । यसबाहेक, क्यानडा, हङकङ, भारत र मलेसिया लगायतका मुलुकमा समेत चिउरा निर्यात हुने गरेको छ ।**-रातोपाटी डटकम**

## किलोको एक रुपैयाँमा पनि बन्दागोभी नबिकेपछि...



गत वर्षको यही सिजनमा दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ मोतीपुरका किसान राजेश डाँगीको तरकारी बारीमा व्यापारीहरू आफैं आएर तरकारी किनेर लैजाने गर्थे । आम्दानी राम्रो हुन्थ्यो । त्यही आशले यो वर्ष उनले बढी क्षेत्रफलमा बन्दागोभी लगाए । उनले १५ कट्ठा क्षेत्रफलमा बन्दागोभी र अन्य जमिनमा बेमौसमी मकै रोपेका थिए ।

तर यतिखेर उत्पादन भएको तरकारी नै बिक्री नभएपछि बारीमा गाईवस्तुलाई चराउन बाध्य भएका छन् । विगत दश वर्षयता सिजन अनुसार व्यावसायिक तरकारी खेती गर्दै आएका राजेशले खेतबारीमा अहिले कम्तीमा पनि साढे दुई लाखदेखि चार लाखसम्मको बन्दागोभी त्यसै खेर गइरहेको बताए । 'पाँच रुपैयाँ केजी बिक्री भएको भए पाँच लाख बढी हुन्छ,' उनले भने, 'त्योभन्दा कम मूल्य दुई तीन रुपैयाँमा बिक्री भएको भए पनि तीन लाख बढी हुन्थ्यो ।' तर लगाएको बन्दागोभी बिक्री नभएपछि चर्को गर्मीका कारण सुक्दै जान थालेको हुँदा पशु चौपायालाई चराउन उपयुक्त हुन ठानेर चराउन थालेको उनले बताए । 'केजीको एक रुपैयाँमा पनि कोही खोज्न आएनन् र त्योभन्दा कममा बेच्नु र नबेच्नुको कुनै अर्थ हुन्न,' उनले भने, 'बरू लालाबाला चराए उनीहरू त मोटाउलान् भन्ने लागेर चराउन थालेका हौं।' 'इण्डियाको तरकारीका कारण हाम्रो स्थानीय उत्पादनले बजार पाउँदैन,' उनले थपे, 'हाम्रो क्षति हुँदा राज्य तहबाट कुनै राहत वा अनुदानको व्यवस्था नहुँदा मन खिन्न हुन्छ ।' स्थानीय उत्पादनको बजार तुलसीपुर नै हो ।

**विगत दश वर्षयता सिजन अनुसार व्यावसायिक तरकारी खेती गर्दै आएका राजेशले खेतबारीमा अहिले कम्तीमा पनि साढे दुई लाखदेखि चार लाखसम्मको बन्दागोभी त्यसै खेर गइरहेको बताए । 'पाँच रुपैयाँ केजी बिक्री भएको भए पाँच लाख बढी हुन्छ,' उनले भने, 'त्योभन्दा कम मूल्य दुई तीन रुपैयाँमा बिक्री भएको भए पनि तीन लाख बढी हुन्थ्यो ।' तर लगाएको बन्दागोभी बिक्री नभएपछि चर्को गर्मीका कारण सुक्दै जान थालेको हुँदा पशु चौपायालाई चराउन उपयुक्त हुन ठानेर चराउन थालेको उनले बताए । 'केजीको एक रुपैयाँमा पनि कोही खोज्न आएनन् र त्योभन्दा कममा बेच्नु र नबेच्नुको कुनै अर्थ हुन्न,' उनले भने, 'बरू लालाबाला चराए उनीहरू त मोटाउलान् भन्ने लागेर चराउन थालेका हौं।' 'इण्डियाको तरकारीका कारण हाम्रो स्थानीय उत्पादनले बजार पाउँदैन,' उनले थपे, 'हाम्रो क्षति हुँदा राज्य तहबाट कुनै राहत वा अनुदानको व्यवस्था नहुँदा मन खिन्न हुन्छ ।' स्थानीय उत्पादनको बजार तुलसीपुर नै हो ।**

अघिल्ला वर्षमा व्यापारी आफैं किसानका खेतबारीमै गाडी लिएर तरकारी किन्न आए पनि यो वर्ष भने व्यापारीहरूले व्यापार नै छैन भन्दै नआउने गरेको स्थानीय डम्मरकुमारी खत्रीले बताइन् । उनको पनि १८ कट्ठा क्षेत्रफलमा लगाएको बन्दागोभी त्यसै खेतबारीमा सुक्दै गएको छ । खेत बारीमै लाखौंको उत्पादित तरकारी कुहिन थालेको देखेर मन रूने गरेको उनले बताइन् । उनले पनि इण्डिया लगायत बाहिरी जिल्लाबाट आउने तरकारीका कारण स्थानीय उत्पादनले बजार पाउन नसकेको तर्क गरिन् । बन्दागोभी खेतीमा मात्रै ७० हजार बढीको उनको लगानी छ। अहिलेसम्म उनले एक रुपैयाँको पनि बेच्न पाएकी छैनन् । 'अब गोभी बिक्री हुने कुनै आधार देखिँदैन,' उनले भनिन्, 'हामीले पनि वस्तुभाउ चराउनुभन्दा अर्को कुनै विकल्प छैन ।' यो वर्ष सबै उत्पादन खेर गए पनि उनले हरेश भने खाएकी छैनन् । 'यो पटक भएन भने अर्को पटक कसो नहोला,' उनले भनिन्, 'कोही नहुनेको दैव हुन्छ भन्छन् नि हैन' अब बर्खे धान तथा मकै खेतीका लागि जग्गा तयार पार्नुपर्ने समय आएको हुँदा पनि आफूहरू बिक्री नभएको बन्दागोभी खेतबारीमै मास्न बाध्य भएको स्थानीय किसान ललौ चौधरीले बताए । उनको दश कट्ठा क्षेत्रफलमा लगाएको बन्दागोभी पनि बिक्री भएको छैन ।

**-सेतोपाटी डटकम**

## खडेरीले बीउ सुक्यो, रोपाइँ प्रभावित



लामो समयदेखिको खडेरी र तापक्रम वृद्धिका कारण पर्वतमा बर्खेबाली रोपाइँ प्रभावित भएको छ । यतिवेला धमाधम कोदो र धान रोपाइँ सुरु हुने बेला भए पनि वर्षा नभएका कारण कृषकले रोपाइँ गर्न नपाएका हुन् ।

विगतका वर्षमा जिल्लाका अधिकांश वडामा अहिलेसम्म कोदो रोपाइँ सकिन्थ्यो । केही वडामा धान रोपाइँ हुन्थ्यो तर यस वर्ष भने कुनै पनि वडामा रोपाइँ सुरु नभएको कृषकले बताएका छन् । लामो समयदेखि वर्षा नभएका कारण कोदोको बीउ सुक्न थालेको छ भने मकैलगायत खेतबारीमा लगाएका अन्य गेडागुडी खेतीसमेत ओइलाउन थालेको कुश्मा नगरपालिका-१२ का कृषक रामप्रसाद सापकोटाले बताए । गत वर्ष कोदो रोपिसकेर धान रोपाइँ सुरु गरेका थियौँ उनले भने, 'यस वर्ष कुनै पनि रोप्न पाइएको छैन, कोदोको बीउ सुकिसकेको छ भने धानको बीउसमेत राख्न पाइएको छैन ।' धानको पानी बीउ राख्ने प्रचलन भए पनि जेठ अन्तिम सातासम्म वर्षा नभएपछि कतिपयले धुले बीउ राख्नथालेका छन् । सिँचाइको सुविधा भएका ठाउँमा समेत खोलानाला सुकेका कारण समयमै बीउ राख्न र रोपाइँ गर्न समस्या भएको फलेवास-५ का हरि पौडेलले बताए । यस वर्ष समयमै रोपाइँ गर्न नपाइने भयो । पछिल्ला केही दिनयता तापक्रमसमेत ह्वात्तै बढेका कारण लगाएका बालीनालीसमेत ओइलाउँदै गएको उनले बताए । पर्वतका अधिकांश वडामा वर्षाको भरमा खेतीबाली लगाउँदै आएका छन् । झण्डै सात हजार हेक्टर जमिनमा सिँचाइको सुविधा भए पनि खोलानालानै सुकेकाले समस्या भएको हो । जिल्लाको मुख्य बाली धान हो भने कोदो दोस्रो मुख्य बाली हो । मकै र गहुँ क्रमश: तेस्रो र चौथो बालीको रुपमा उत्पादन हुने गरेको छ । जिल्लाभर नौ हजार ५० हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ भने झण्डै सात हजार हेक्टरमा कोदो र मकै खेती हुने गरेको छ । मुख्य बाली लगाउने समयमै खडेरी परेका कारण कृषकलाई समस्या परेको छ । कृषि ज्ञान केन्द्र पर्वतले लामो समयदेखि वर्षा नहुँदा पर्वतमा रोपाइँ गर्न समस्या भएको जनाएको छ । मौसम सक्रिय नभएसम्म रोपाइँ गर्न नपाउने भएपछि कृषक समस्यामा परेका छन् । वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले यो महिनाको अन्त्य वा असार महिनाको पहिलो सातासम्म मनसुन सक्रिय भएमा उत्पादनमा भने असर नगर्ने बताए । उनले रोपाइँ गरिसकेपछि साउन र भदौमा समेत निरन्तर वर्षा भएमा धान, कोदो उत्पादन राम्रो हुनेसमेत उहाँको भनाइ रहेको छ । जिल्लाका सात पालिकाका ६१ वडाकै कृषक यतिबेला मनसुनको पर्खाइमा रहेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ ।**-रासस**

# 'कला संस्कृतिको संरक्षणमा निजी क्षेत्र प्रतिवद्ध छ'



**पाल्पा,** जेठ २७/पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले जिल्लाको कला संस्कृतिको संरक्षणमा निजी क्षेत्र प्रतिवद्ध रहेको बताएका छन् ।


शनिबार राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाको आयोजनाका भएको एकल लोक गीत प्रतियोगिताको फाइनल अडिसन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष भट्टराईले संघ जस्तो निजी क्षेत्रले कला, संस्कृतिको संरक्षणका लागि विशेष ध्यान दिएको बताएका हुन् । उनले स्थानीय कलाकारहरुको संरक्षण गरी स्थानीय कला संस्कृतिको जर्गेनामा पाल्पा उद्योग वाणिज्य संघ प्रतिष्ठानसँग हाते मालो गर्दै अगाडि बढ्ने बताए । प्रमुख अतिथि समेत रहेका अध्यक्ष भट्टराईले भने,'संघले आयोजना गर्ने मेला महोत्सवमा समेत स्थानीय कलाकारहरुलाई प्राथामिकता दिने गरेका छौं, एकद्वार प्रणालीमार्फत हामीले कलाकारलाई ठाउँ दिएका छौं, यसले पनि केही हदसम्म भए पनि कलाको सरंक्षणमा टेवा पुग्ने विश्वास लिएको छु ।' विशिष्ट अतिथि प्रतिष्ठान लुम्बिनी प्रदेशका वरिष्ठ उपाध्यक्ष दामोदर बस्यालले गाउँ -गाउँमा लुकेर रहेका प्रतिभाहरुलाई बाहिर ल्याउने उद्देश्यले प्रदेशस्तरी प्रतियोगिता आयोजना गरिएको बताए । उनले प्रतियोगीहरुलाई उत्कृष्ट प्रस्तुति दिन पनि आग्रह गरे । पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्यालले कलाकार र कला संस्कृतिको जर्गेना गर्ने दायित्व सबैको भएको बताए । उनले गीत संगीतले सुतिरहेको मानिसलाई समेत जगाउन सक्ने तागत रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा प्रतिष्ठान पाल्पाकी निवर्तमान अध्यक्ष तथा लुम्बिनी प्रदेशकी सचिव रेखा विष्ट, वरिष्ठ साहित्यकार चित्रवलीराम सुवाल, प्रतिष्ठान रुपन्देहीका अध्यक्ष विजय सापकोटा, प्रतिष्ठान कोरिया शाखाका उपाध्यक्ष मिलन थापा, प्रेस युनियन पाल्पाका उपाध्यक्ष तथा प्रतिष्ठानका प्रेस सल्लाहकार रामचन्द्र रायमाझी लगायतले प्रतियोगीहरुको सफलताको कामना गरेका थिए । प्रतिष्ठानका जिल्ला अध्यक्ष कमल भट्टराईको अध्यक्षता, उपाध्यक्ष रुपेश कार्कीको स्वागत, सचिव बविता पन्थीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

निःसुल्क !! निःसुल्क !! निःसुल्क !! निःसुल्क !!
कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम अन्तर्गत
प्रोफेसनल आल्मोनियम फ़ेब्रिकेटर तह-२
इन्स्योर परियोजनाको आर्थिक सहयोगमा तानसेन नगरपालिकाको.
नियमित कार्यक्रम अन्तर्गत प्रोफेसनल आल्मोनियम फ़ेब्रिकेटर १६९६ घण्टा को निःसुल्क तालिम यसै कलेज अफ एलाइड टेक्निकल साइन्स प्रा लि तानसेन पाल्पामा संचालन हुनगइ रहेको हुदा , इच्छुक तानसेन नगरपालिकाको स्थाई बासिन्दा वा बिगत २ वर्ष देखिन नगर भित्र बसोबास गरेका नेपाली नागरिकबाट पासपोर्ट साइजको २ प्रति फोटो र नेपाली नागरिकताको १ प्रति फोटोकपी सहित दरखास्त आहवान गरिन्छ






तालिम सुरु हुने मिति - ३२ जेष्ठ २०८० सिट संख्या - 20
फारम भर्ने अन्तिम मिति - ३० जेष्ठ २०८०
फारम भर्ने स्थान -
COLLAGE OF ALLIED TECHNICAL SCIENCES PVT.LTD
(CATS) , TAKSAR TOLE TANSEN- 3 PALPA
थप जानकारी को लागि सम्पर्क
075590890,9847495024,9800763902,9844757259,


## खेलकुद समाचार

# अभ्यास खेलमा नेपाल अलआउट



**काठमाडौं,** जेठ २७/नेदरल्याण्ड्स विरुद्धको दोस्रो एकदिवसीय अभ्यास खेलमा नेपाल १ सय ५६ रनमा अलआउट भएको छ । एकदिवसीय विश्वकप छनोटको तयारीका लागि दक्षिण अफ्रिकामा रहेको नेपाल ३६ दशमलब ५ ओभरमा १ सय ५६ रनमा अलआउट भएको हो ।

टस हारेर पहिला ब्याटिङमा तानिएको नेपालका लागि रोहित पौडेलले सर्वाधिक ३०, गुल्सन झाले २४, प्रतिस जिसिले १९, आरिफ शेख र सोमपाल कामीले समान १८/१८ र भीम सार्कीले १० रन बनाउँदा अरू खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन् । कुशल भुर्तेल ९, दीपेन्द्रसिंह ऐरी ६, आसिफ शेख र अर्जुन साउद समान ४/४ रनमा समेटिए । अब नेदरल्याण्ड्सले जवाफी ब्याटिङ थाल्नेछ । यसअघि भएको पहिलो अभ्यास खेलमा नेपाल स्कटल्याण्डसँग ७ विकेटले पराजित भएको थियो । अभ्यास खेलपछि नेपाली टोली दक्षिण अफ्रिकाबाट जिम्बावे जानेछ । जिम्बावेमा हुने विश्वकप छनोट प्रतियोगितामा नेपाल समूह 'ए' मा रहेको छ। नेपालको खेल जुन १८ अर्थात् असार ३ गते सुरु हुनेछ । नेपालको समूहमा आयोजक जिम्बावे, वेस्टइन्डिज, नेदरल्यान्ड्स र अमेरिका छन् । समूह बी मा श्रीलंका, आयरल्यान्ड, स्कटल्याण्ड, ओमान र युएई छन् । समूहका शीर्ष ३ टोलीहरु सुपर सिक्समा प्रवेश गर्नेछन् । सुपर सिक्समा एक समूहका टोलीले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्ने छन् । सुपर सिक्सको शीर्ष दुईमा रहने टोली अक्टोबरमा भारतमा आयोजना हुने आइसीसी एकदिवसीय विश्वकपमा छनोट हुनेछ ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# पाल्पाको रम्भाबाट अवैध युरिया मल बरामद



**पाल्पा,** जेठ २७/जिल्लाको रम्भा गाउँपालिकाबाट ३ सय ७२ बोरा अवैध युरिया मल बरामद भएको छ । भारतीय बजारबाट भन्सार छलेर ल्याइएका २ लाख ९७ हजार ६ सय मूल्य बराबरका ३ सय ७२ बोरा युरिया मल रम्भा -१ हुँगीस्थित कालीगण्डकी करिडोर सडक खण्डबाट बरामद भएको हो ।

शनिबार विहान नवलपरासी बाट रामपुरतर्फ मल लिएर जाँदै गरेको लु २ ख ३८१ नम्बरको ट्रकबाट उक्त मल प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक विरेन्द्र थापाले जानकारी दिए । शंका लागेर चेक जाँच गर्ने क्रममा हुँगी प्रहरी चौकीले विल नभएको भारतीय जनउर्वरक परियोजना भारत युरिया नामक १६७४० केजीको मल नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएको अवैध मल स्थानीयको रोहबरमा बरामद गरी आवश्यक कारवाहीको लागि भैरहवा भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**अवैध मल भण्डारण गरी राखेको भेटियो**

जिल्लाको रामपुर नगरपालिका -५ बेभ्राडमा अवैध रुपमा रासयनियक मल भण्डारण गरी राखेको फेला परेको छ । रामपुरको बेझाडस्थित विजय श्रेष्ठको ४ तले पक्की घरको भुई तलाको सटरमा अवैध मल भण्डारण गरी राखेको फेला परेको हो । अवैध मल भण्डारण गरी राखेको भनि गोप्य सुचनाको आधारमा रामपुर नगरपालिकाकी उपप्रमुख बालकुकारी थापाको संयोजकत्वमा गएको कृषि सहकारी अनुगमनकर्ता, नगर प्रमुख रमणबहादुर थापा, प्रमुख प्रशासकिय अधिकृत लेखनाथ न्यौपाने, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रसाद ढकाल, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापा, रामपुर प्रहरी चौकीका प्रहरी निरीक्षक लक्ष्मण देवकोटा लगायतको टोलीले श्रेष्ठको सटर खोली हेर्दा भारतीय जनउर्वरक परियोजना भारत युरिया नामक ६ सय ५० बोरो युरिया मल फेला पारेको थियो । मल फेला परेपछि टोलीले उक्त सटर शिलबन्दी गरेको छ ।

पछिल्लो समय भन्सार छली मल ल्याउने र सरकारी अनुदानमा पाइएको मल समेत विक्री गर्ने क्रम बढेको छ । केही दिन अघि सरकारले किसानलाई अनुदानमा उपलब्ध गराएको युरिया मल निजी एग्रोभेटलाई बिक्री गरेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएको थियो । जिल्लाको रामपुर नगरपालिका-७ स्थित हराभरा कृषि सहकारीले अनुदानमा आएको मल निजी एग्रोभेटलाई बिक्री गरेको थियो । उसले स्याङ्जाको वालिङ भकुण्डेस्थित गरिमा एग्रोलाई बिक्री गरी गाडीमा मल लैजाँदै गर्दा प्रहरीले नियन्त्रणमा लिएको हो । सहकारीले एग्रोलाई प्रतिबोरा एक हजार ५० का दरले बिक्री गरेको पाइएको थियो ।

# गुट होइन रुख चिन्ने...

...नेपाली काँग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले पार्टीको अनुशासनलाई विशेष ख्याल गर्नुपर्ने बताए । पार्टी संगठनलाई चलायमान एवं क्रियाशील बनाउन जरुरी रहेको भन्दै पार्टीको सुन्दर भविष्यको लागि सबै एकजुट हुन आवश्यक रहेको धारणा व्यक्त गरे । पार्टीको वैचारिक रुपमा नेता तथा कार्यकर्तालाई बलियो बनाउन सकियो भने पार्टी बलियो हुने उनको भनाई छ । पार्टी संगठनलाई बलियो बनाउन स्थानीयस्तरका पार्टी प्रतिनिधिलाई प्रशिक्षण दिइएको नेपाली काँग्रेस गुल्मीमा उपसभापति एवं प्रशिक्षण शाखा प्रमुख अनन्तराम पौड्यालले बताए । दुई दिनसम्म सञ्चालन भएको प्रशिक्षणमा स्थानीय तहका पार्टी प्रतिनिधि, काँग्रेसको जिल्ला प्रशिक्षण शाखा, भातृ तथा शुभेच्छुक संगठनका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । जिल्लामा काँग्रेस पार्टीलाई संगठित एवं सुसूचित गर्ने उद्देश्य सहित बदलिदो परिस्थिति अनुसार काँग्रेस पार्टीलाई आमनागरिक समक्ष प्रस्तुत तथा पार्टीलाई रुपान्तरण र नयाँ चुनौतीको सामना गर्नको लागि प्रशिक्षण गरिएको हो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई